**" मीठे बच्चे – गहन शान्ति (डेड साइलेन्स) मा जाने अभ्यास गर । बुद्धि बाबातिर रहयो भने बाबाले पनि तिमीलाई अशरीरी बन्नको लागि सकाश दि नु हु न्छ । "**

**प्रश्नः–** तिमी बच्चाहरूलाई जब ज्ञानको तेस्रो नेत्र प्राप्त हुन्छ, तब कुनचाहिँ साक्षात्कार हुन्छ?

**उत्तरः–** सत्ययुगको आरम्भ देखि लिएर कलियुगको अन्त्यसम्म हामीले कस्तो-कस्तो अभिनय गर्छौं– त्यो सारा साक्षात्कार हुन्छ। तिमीले सारा विश्वको आदि देखि अन्त्यसम्म जान्दछौ। जान्नुलाई नै साक्षात्कार भनिन्छ। अहिले तिमीले सम्झन्छौ– हामी दैवी गुणवाला देवता थियौं। अहिले आसुरी गुणवाला बनेका छौं। अब फेरि दैवी गुणवाला देवता बनिरहेका छौं। अब हामी नयाँ दुनियाँ, नयाँ घरमा जानेछौं।

**ओम् शान्ति ।** बच्चाहरू बसेका छन् यादको यात्रामा। बेहदका बाबा त यात्रामा बस्नु भएको छैन, उहाँले त बच्चाहरूलाई सकाशको सहयोग दिइरहनु भएको छ अर्थात् यस शरीरलाई भुलाइरहनु भएको छ। बच्चाहरूलाई शरीर भुल्नको लागि बाबाको सहयोग प्राप्त हुन्छ। सकाश दिनु हुन्छ आत्माहरूलाई किनकि बाबाले देख्नुहुन्छ नै आत्मालाई। तिमी हरेकको बुद्धि बाबातिर जान्छ। बाबाको बुद्धि वा दृष्टि फेरि बच्चाहरूतिर जान्छ। फरक छ नि। गहन शान्ति। यो अभ्यास गर्छौं (डेड साइलेन्स) को? शरीरलाई छोडेर अलग हुन चाहन्छौ। आत्माले सम्झन्छ– जति याद गरिरहन्छौं त्यति यो शरीरबाट निस्कनेछौं। जसरी सर्पको उदाहरण दिन्छन्, जसको उदाहरण दिइन्छ अवश्य पनि त्यसमा केही खुबी हुन्छ। तिमीलाई थाहा छ– हामीले शरीर छोडेर फर्केर जान्छौं अनि फेरि आउँछौं। यो कुरा अरू कसैले जान्दैनन्। यो ड्रामालाई कसैले जान्दैनन्। कसैले पनि यस्तो ग्यारेन्टी दिंदैनन्– यो यादबाट तिम्रो विकर्म विनाश हुन्छ। यस्ता कुरा कसैले पनि सुनाउँदैनन्। तिमी बच्चाहरूले जान्दछौ– अब हाम्रो वापसी यात्रा हो। आत्माको बुद्धियोग उतैतिर छ। अब नाटक पूरा भयो, अब घर जानु छ। बाबालाई नै याद गर्नु छ। उहाँ नै पतित-पावन हुनु हुन्छ। गंगाको पानीलाई त मुक्तिदाता र गाइड भनिंदैन। एक बाबा नै मुक्तिदाता र गाइड हुन सक्नुहुन्छ। यो पनि राम्ररी बुझ्ने र बुझाउने कुरा हो। त्यो त हो नै भक्ति। त्यसबाट केही कल्याण हुन सक्दैन। प्यारा बच्चाहरूलाई थाहा छ– पानी त स्नान गर्नको लागि हो। पानीले कहिल्यै पनि पावन बनाउन सक्दैन। यस्तो पनि होइन, भावनाको भाडा प्राप्त हुन सक्छ। भक्तिमार्गमा त्यसको महत्त्व राखिदिएका छन्। यी सबै कुरालाई भनिन्छ अन्धश्रद्धा। यस्तो श्रद्धा राख्ने मनुष्यहरूलाई पदवी मिल्छ– अन्धाका सन्तान अन्धा। भगवानुवाच हो नि। अन्धा को हुन् र को होइनन्– यो पनि तिमीलाई थाहा छ। अहिले सारा सृष्टिको आदि-मध्य-अन्त्यलाई बाबाद्वारा जानेका छौ। तिमीले बाबालाई चिनेका छौ त्यसैले सृष्टिको आदि-मध्य-अन्त्य र त्यसको अवधिलाई पनि जानेका छौ। एक-एक कुरामा विचार सागर मन्थन गरेर आफ्नो बारेमा स्वयंले निर्णय गर्नु पर्छ। भक्ति र ज्ञानमा भिन्नता छ। ज्ञान एकदमै अलग चीज हो। यो ज्ञान प्रख्यात छ। राजयोगको पढाइ हो नि! तिमी बच्चाहरूलाई थाहा भएको छ– देवताहरू सम्पूर्ण निर्विकारी थिए। रचयिता बाबाले नै बसेर आफ्नो परिचय दिनु हुन्छ। उहाँ परमात्मा हुनु हुन्छ। परम आत्मालाई नै परमात्मा भनिन्छ। अंग्रेजीमा सुप्रीम सोल भनिन्छ। सोल अर्थात् आत्मा। बाबाको आत्मा कुनै ठूलो हुँदैन। बाबाको आत्मा पनि त्यस्तै छ जस्तो तिमी बच्चाहरूको छ। यस्तो होइन, बच्चाहरू साना, बाबा ठूलो हुनु हुन्छ। होइन। उहाँ परम ज्ञानका सागर बाबाले बच्चाहरूलाई अत्यन्तै प्यार सँग सम्झाइरहनु हुन्छ। पार्ट खेल्ने आत्माले हो। अवश्य पनि शरीर धारण गरेर पार्ट खेल्छ। आत्माको रहने स्थान शान्तिधाम हो। प्यारा बच्चाहरूले जानेका छन् आत्माहरू ब्रहम महतत्वमा रहन्छन्। जसरी हिन्दुस्तानमा रहनेहरूले आफूलाई हिन्दु भन्छन्, त्यस्तै ब्रहमाण्डमा रहनेहरूले ब्रहमलाई ईश्वर सम्झेका छन्। ड्रामामा गिर्ने उपाय पनि निश्चित छ। बीचैमा फर्केर कोही जान सक्दैनन्, जसले जतिसुकै मेहनत गरे पनि। जब नाटक पूरा हुने समय हुन्छ, सबै पात्रहरू आएर जम्मा हुन्छन्। रचयिता, मुख्य पात्र पनि उपस्थित हुन्छन्। बच्चाहरूले जानेका छन्– अब यो नाटक पूरा हुन्छ। यो कुरा कुनै साधु-सन्त आदिले जान्न सक्दैनन्। आत्माको यो ज्ञान कसैमा पनि छैन। परमात्मा बाबा यहाँ कल्पमा एक पटक आउनु हुन्छ। अरू सबैले त यहाँ पार्ट खेल्नै पर्छ। वृद्धि भइरहन्छ नि! आत्माहरू सबै कहाँबाट आए? यदि कोही बीचमा फर्केर जाने हो भने त त्यही चलन रहने थियो। एउटा आउँथ्यो, अर्को जान्थ्यो। फेरि त्यसलाई त

पुनर्जन्म भनिंदैन। पुनर्जन्म त सुरुबाटै चलेर आउँछ। सबै भन्दा पहिला यी लक्ष्मी-नारायण छन्। बाबाले सम्झाउनु भएको छ– पुनर्जन्म लिँदा-लिँदा जब अन्त्यमा आउँछन् अनि फेरि पहिलो नम्बरमा जानु पर्छ। यसमा कुनै संशयको कुरा त हुन सक्दैन। आत्माहरूको पिता स्वयं आएर सम्झाउनु हुन्छ। के सम्झाउनु हुन्छ? आफ्नो पनि परिचय दिनु हुन्छ। पहिला परम आत्मा के चीज हो भन्ने कहाँ थाहा थियो र! केवल शिवको मन्दिरमा जान्थें। यहाँ त धेरै मन्दिरहरू छन्। सत्ययुगमा मन्दिर, पूजा आदि हुँदै हुँदैन। त्यहाँ तिमी पूज्य देवी-देवता बन्छौ। फेरि आधाकल्पपछि पुजारी बन्छौ अनि उनीहरूलाई देवी-देवता भनिँदैन। फेरि बाबा आएर पूज्य बनाउनु हुन्छ। अरू कुनै देशमा यो गायन छैन। राम राज्य, रावण राज्य– अहिले तिमीले बुझेका छौ। राम राज्यको अवधी कति हो– सिद्ध गर्नु पर्छ। यो नाटक हो, उनीहरूलाई सम्झाउनु छ। सर्वोच्च बाबा हुनु हुन्छ, उहाँ नै ज्ञानका सागर हुनु हुन्छ। हामी उहाँद्वारा उच्च भन्दा उच्च बन्छौं। उच्च भन्दा उच्च पद प्राप्त हुन्छ। बाबाले हामीलाई पढाउनु हुन्छ, दैवी गुण पनि धारण गर्नु छ।

बच्चाहरूले वर्णन गर्छन्– हजुर यस्तो हुनु हुन्छ, हामी यस्ता छौं। यतिबेला तिमीलाई थाहा छ– हामीलाई यिनी जस्तै सम्पूर्ण निर्विकारी बन्नु छ। बाबालाई याद गर्नु बाहेक अरू कुनै उपाय छैन। यदि कसैलाई थाहा छ भने बताओस्। यस्तो कहाँ भनिन्छ– ब्रह्म वा तत्त्व निर्विकारी छ। होइन, आत्मा नै निर्विकारी बन्छ। ब्रह्म वा तत्त्वलाई आत्मा भनिदैन। त्यो त रहने स्थान हो। प्यारा बच्चाहरूलाई सम्झाइन्छ आत्मामा नै बुद्धि छ। त्यो आत्मा जब तमोप्रधान हुन्छ तब बेसमझ बन्छ। समझदार र बेसमझ छन् नि! तिम्रो बुद्धि कति स्वच्छ बन्छ, पछि म्लेच्छ (अशुद्ध) बन्छ। तिमीलाई पवित्रता र अपवित्रताको भिन्नता थाहा भएको छ। अपवित्र आत्मा फर्केर जान सक्दैन। अब अपवित्रबाट पवित्र कसरी बन्ने? यसको लागि मेहनत गरिरहन्छन्। यो पनि ड्रामामा निश्चित छ। अहिले तिमीलाई थाहा छ– यो हो संगमयुग। बाबा एकैपटक आउनु हुन्छ लिएर जानको लागि। सबै त नयाँ दुनियाँमा जाँदैनन्। जसको पार्ट छैन तिनीहरू शान्तिधाममा रहन्छन्। त्यसैले चित्रहरूमा देखाइएको छ। अरू जति पनि चित्र आदि छन् ती हुन् भक्तिमार्गका। यो हो ज्ञानमार्गको, जसबाट सम्झाइन्छ कि सृष्टिको चक्र कसरी घुम्छ? हामी कसरी तल झर्छौं। १४ कलाबाट १२ कला हुन्छ। अहिले कुनै कला रहेको छैन। नम्बरवार त हुन्छ नै। पात्र पनि नम्बरवार हुन्छन्। कसैको तलव १ हजार, १५००, कसैको १०० कति फरक भयो। पढाइमा पनि कति रात-दिनको फरक छ। अरू विद्यालयमा त फेल भए भने फेरि पढ्नु पर्छ। यहाँ त फेरि पढ्ने कुरा हुँदैन। पद सानो हुन्छ। फेरि कहिल्यै पढाइ हुँदैन। एकै पटक मात्र पढाइ हुन्छ। बाबा पनि एकैपटक आउनु हुन्छ। प्यारा बच्चाहरूले पनि सबै भन्दा पहिला एउटै राजधानी थियो भन्ने जानेका छन्। यो कुरा तिमीले कसैलाई सम्झायौ भने मान्नेछन्। ईसाईहरू विज्ञानमा पनि धेरै तीक्ष्ण हुन्छन्। सबैले उनीहरूबाटै सिकेका हुन्। उनीहरूको न धेरै पारसबुद्धि, न पत्थरबुद्धि हुन्छ। यतिबेला उनीहरूको बुद्धिले कमाल गरिरहेको छ। विज्ञानको प्रचार सबै यी ईसाईहरूद्वारा निस्किएको हो। त्यो पनि सुखको लागि हो। तिमीले जानेका छौ– यो पुरानो दुनियाँको विनाश हुनु नै छ। फेरि तिमी शान्तिधाम-सुखधाममा जान्छौ। नत्र यति धेरै सबै मनुष्य आत्माहरू फर्केर घर कसरी जान सक्छन्? विज्ञानबाट विनाश हुन्छ। सबै आत्माहरू शरीर छोडेर घर जान्छन्। यो विनाशमा मुक्ति मर्ज छ। आधाकल्प मुक्तिको लागि मेहनत गर्दै आएका हौ नि! त्यसैले विज्ञान र प्राकृतिक प्रकोप, जसलाई दैवी प्रकोप भन्दछन्, त्यो पनि हुनु नै छ। सम्झनु पर्छ– यो लडाईं निमित्त बन्छ मुक्तिधाममा लैजानको लागि। यत्तिका सबैलाई मुक्तिधाममा जानु छ। तिमीहरूले जति मेहनत गरे पनि, गुरु बनाए पनि, हठयोग सिके पनि कोही पनि मुक्तिधाम जान सकेनौ। यत्तिका विज्ञानका गोली आदि तयार भएका छन् भने सम्झनु पर्छ विनाश अवश्य हुन्छ। नयाँ दुनियाँमा त अवश्य पनि धेरै कम हुन्छन्। अरू सबै मुक्तिधाममा जान्छन्। जीवनमुक्तिमा त पढाइको तागतबाट आउँछन्। तिमीले अडोल, अटल, अखण्ड राज्य गर्छौ। यहाँ त हेर सबै खण्डहरूको टुक्रा-टुक्रा छन्। बाबाले तिमीलाई अटल, अखण्ड सारा विश्वको राजधानीको मालिक बनाउनु हुन्छ। बेहदका पिताको वर्सा हो बेहदको बादशाही। यो वर्सा कहिले र कसले दिएको हो? यो कसैको पनि बुद्धिमा आउँदैन। केवल तिमीले नै जानेका छौ। ज्ञानको तेस्रो नेत्र आत्मालाई प्राप्त हुन्छ। आत्मा ज्ञान स्वरूप बन्छ। त्यो पनि ज्ञानसागर बाबाबाटै बन्नु पर्छ। बाबा नै आएर रचयिता र रचनाको आदि-मध्य-अन्त्यको ज्ञान दिइरहनु भएको छ। हो नै सेकेन्डको कुरा। सेकेन्डमा जीवनमुक्ति। अरू सबैलाई मुक्ति प्राप्त हुन्छ। यो पनि ड्रामा बनेको छ। रावणको बन्धनबाट सबै मुक्त हुन्छन्। अरू मानिसहरूले विश्वमा शान्तिको लागि कति मेहनत गर्छन्। यो केवल तिमी बच्चाहरूले नै जान्दछौ– विश्वमा र ब्रह्माण्डमा शान्ति कहिले हुन्छ। ब्रह्माण्डमा शान्ति भनिन्छ अनि विश्वमा शान्ति र सुख दुवै हुन्छ। विश्व अलग हो र ब्रह्माण्ड अलग हो। चन्द्रमा-तारा भन्दा पर छ ब्रह्माण्ड। त्यहाँ यी केही पनि

हुँदैनन्। त्यसलाई शान्तिको दुनियाँ भनिन्छ। शरीर छोडेर शान्तिमा जान्छन्। तिमी बच्चाहरूलाई यो कुरा पनि याद छ। तिमीहरू यतिबेला त्यहाँ जाने तयारी गरिरहेका छौ। अरू कसैले पनि जान्दैनन्। तिमीलाई तयारी गराइएको छ। तर यो लडाईं त कल्याणकारी छ, सबैको हिसाब-किताब चुक्ता हुनु छ। सबै पवित्र बन्छन्। योग अग्नि हो नि। अग्निबाट हरेक चीज पवित्र हुन्छ। जसरी बाबाले ड्रामाको आदि-मध्य-अन्त्यलाई जान्नुहुन्छ, त्यसैगरी तिमी पात्रहरूले पनि ड्रामाको आदि-मध्य-अन्त्यलाई जान्नु छ। जान्नुलाई नै साक्षात्कार भनिन्छ।

अहिले तिम्रो ज्ञानको तेस्रो नेत्र खुलेको छ। हामीले सारा विश्वको, सत्ययुग आदि देखि लिएर कलियुगको अन्त्यसम्म पूरा जानि नै सकेका छौं। अरू कुनै पनि मनुष्य मात्रले यो जान्दैनन्। तिमीले बुझेका छौ– हामी जो दैवी गुणयुक्त थियौं हामी नै आसुरी गुणवाला बन्छौं। फेरि बाबा आएर दैवी गुणयुक्त बनाउनु हुन्छ। बाबा आउनु हुन्छ नै पतितहरूलाई पावन बनाउन। दुनियाँमा अरू कसैलाई पनि यो थाहा छैन– यी देवी-देवता घरानाकाले नै पूरा ८४ जन्म लिन्छन्। पावन नै त पतित पनि बन्छन्। यो कसैका बुद्धिमा छैन। अहिले तिमीले बुझ्दछौ यी त जड चित्र हुन्। उनीहरूको यथार्थ फोटो त आउन सक्दैन। उनीहरू स्वाभाविक रूपमा सुन्दर छन्। पवित्र प्रकृतिबाट शरीर पनि पवित्र बन्छ। यहाँ त अपवित्र छन्। यो रंगी-बिरंगी दुनियाँ सत्ययुगमा हुँदैन। कृष्णलाई भनिन्छ श्याम सुन्दर। सत्ययुगमा हुन्छन् सुन्दर, कलियुगमा छन् श्याम। सत्ययुगबाट कलियुगमा कसरी आउँछन्– तिमीलाई पहिलो नम्बरबाट सबैको थाहा भएको छ। कृष्ण त गर्भबाट पैदा भए अनि नाम प्राप्त भयो। नाम त हुनु नै पर्यो। त्यसैले तिमीले भन्दछौ– कृष्णको आत्मा सुन्दर थियो फेरि श्याम बन्यो, त्यसैले श्याम-सुन्दर भनिन्छ। उनको जन्मकुण्डली प्राप्त भयो भने सारा चक्रको पनि प्राप्त भयो। कति रहस्य भरिएको छ, जो तिमीले मात्र जान्दछौ अरू कसैले जान्दैनन्। तिमीलाई अब नयाँ घर नयाँ दुनियाँमा जानु छ। जसले राम्रो सँग पढाइ पढ्छ उही नयाँ दुनियाँमा जान्छ। बाबा हुनु हुन्छ बेहदको सारा दुनियाँको मालिक, सबै आत्माहरूको पिता। पितालाई मालिक भनिन्छ, यो पढाइ हो। यसमा कुनै पनि संशय वा प्रश्न उठ्न सक्दैन। यसमा शास्त्रार्थ गर्ने आवश्यकता छैन। एक सबै भन्दा उच्च शिक्षक, उहाँ बसेर पढाउनु हुन्छ। उहाँ नै सत्य हुनु हुन्छ। सत्य नारायणको सच्चा कथा शिक्षाका रूपमा सुनाउनु हुन्छ। अच्छा–

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**धारणाको लागि मुख्य सा र: –**

१) आफ्नो सबै हिसाब-किताब चुक्ता गरेर शान्तिधाममा जाने तयारी गर्नु छ। यादको बलबाट आत्मालाई सम्पूर्ण पावन बनाउनु छ।

२) ज्ञान सागरको ज्ञानलाई स्वरूपमा ल्याउनु छ। विचार सागर मन्थन गरेर आफ्नो फैंसला आफैं गर्नु छ। जीवनमुक्तिमा श्रेष्ठ पद प्राप्त गर्नको लागि दैवी गुण धारण गर्नु छ।

**वरदान:–** समयको महत्त्व लाई जानेर फास्ट सो फस्ट आउने तीव्र गतिको पुरुषार्थी भव

अव्यक्त पार्टमा आएका आत्माहरूलाई लास्ट सो फास्ट, फास्ट सो फस्ट आउने वरदान प्राप्त छ। त्यसैले समयको महत्त्वलाई जानेर प्राप्त भएको वरदानलाई स्वरूपमा ल्याऊ। यो अव्यक्त पालनाले सहजै शक्तिशाली बनाउनेवाला छ। त्यसैले जति अगाडि बढ्न चाहन्छौ, बढ्न सक्छौ। बापदादा र निमित्त आत्माहरूको सबैप्रति सदा अगाडि बढ्नको लागि शुभभावना हुनाको कारण तीव्र गतिको पुरुषार्थको भाग्य सहज मिलेको छ।

**स्लोगन:–** “निराकार सो साकार” को महामन्त्रको स्मृतिद्वारा निरन्तर योगी बन।